**बैठक संख्याः** १२
**मितिः** २०८०/०७/१४
**प्रारम्भः** बिहान ११:०० बजे
**अन्त्यः** २:४५ बजे

यस समितिको आजको बैठक समितिका **माननीय सभापति डा. आरजु राणा**को सभापतित्वमा बस्यो। बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छः-

**सदस्यः**

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | **मा० डा. आरजु राणा - सभापति** | ✓ |
| २. | मा० अनिशा नेपाली - सदस्य | ✓ |
| ३. | मा० अम्मर बहादुर थापा - सदस्य | |
| ४. | मा० अमृत लाल राजवंशी - सदस्य | ✓ |
| ५. | मा० अशोक कुमार चौधरी - सदस्य | ✓ |
| ६. | मा० कुसुमदेवी थापा - सदस्य | ✓ |
| ७. | मा० गंगा प्रसाद यादव - सदस्य | ✓ |
| ८. | मा० ज्वाला कुमारी साह - सदस्य | ✓ |
| ९. | मा० डिल्ली राज पन्त - सदस्य | |
| १०. | मा० दिक्पाल कुमार शाही - सदस्य | |
| ११. | मा० नवल किसोर साह सुडी - सदस्य | ✓ |
| १२. | मा० बिना कुमारी थनैत - सदस्य | |
| १३. | मा० बिनिता कठायत - सदस्य | ✓ |
| १४. | मा० मानबीर राई - सदस्य | ✓ |

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १५. | मा० मिना तामाङ - सदस्य | ✓ |
| १६. | मा० योगेन्द्र मण्डल - सदस्य | ✓ |
| १७. | मा० रुपा वि.क. - सदस्य | ✓ |
| १८. | मा० रुपा सो.शी. चौधरी - सदस्य | ✓ |
| १९. | मा० विजुला रायमाझी - सदस्य | ✓ |
| २०. | मा० विर बहादुर बलायर - सदस्य | ✓ |
| २१. | मा० विष्णु कुमार कार्की - सदस्य | |
| २२. | मा० सरस्वती सुब्बा - सदस्य | ✓ |
| २३. | मा० सूर्य कुमारी श्रेष्ठ - सदस्य | |
| २४. | मा० सूर्य प्रसाद ढकाल - सदस्य | ✓ |
| २५. | मा० सोनु मुर्मु - सदस्य | ✓ |

**पदेन सदस्यः**

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल | |
| २. | माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. बेदुराम भुसाल | |
| ३. | माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठ | |
| ४. | माननीय वन तथा वातावरण मन्त्री डा. विरेन्द्र प्रसाद महतो | |

**आमन्त्रित**

| क.सं. | | पद, निकाय | दस्तखत | संपर्क नं. |
|---|---|---|---|---|
| १. | डा. गोबिन्द शर्मा | सचिव(कृषि विकास), कृषि तथा पशुपमक्षि विकास मन्त्रालय | ✓ | |
| २. | श्री रेवतीरमण पौडेल | सचिव(पशुपमक्षी विकास), कृषि तथा पशुपमक्षि विकास मन्त्रालय | ✓ | ९८५५०६४३८५ |
| ३. | श्री मुकुन्द प्रसाद निरौला | सचिव(वाणिज्य तथा आपूर्ति), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ✓ | ९८५१०८६८११ |
| ४. | श्री दिनेश भट्टराई | सचिव, गृह मन्त्रालय | ✓ | ९८५११४०००१ |
| ५ | श्री राम प्रसाद घिमिरे | सचिव, अर्थ मन्त्रालय | ✓ | ९८५१२५३२८५ |
| ६. | डा. राजेन्द्र प्रसाद | सहसचिव, | ✓ | ९८५११७४१७९ |
| ७. | डा. तपेन्द्र प्रसाद बोहोरा | उपसचिव | ✓ | ९८५८०५१८०८ |
| ८. | श्री भुपाल बराल | सहसचिव, अर्थ मन्त्रालय | ✓ | ९८५११९१९३६ |
| ९. | श्री गजेन्द्र कुमार ठाकुर | सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ✓ | ९८५११२८९५६ |
| १०. | श्री कमल कुमार भट्टराई | उपसचिव, अर्थ मन्त्रालय | ✓ | ९८५१०९६०५१ |
| ११. | श्री निरन्जन थापा | मत्स्य व्यावसायी, नेपाल | ✓ | ९८५५०५५६९५ |
| १२. | श्री विष्णु प्रसाद आचार्य | अध्यक्ष, नेपाल मत्स्यपालन किसान संघ | ✓ | ९८५२०२५४३ |
| १३. | श्री लक्ष्मी प्रसाद शिवाकोटी | अध्यक्ष, नेपाल मत्स्य व्यसायी कृषक | ✓ | ९८४२७५९७८४ |
| १४. | श्री हरि प्रसाद अर्याल | उपाध्यक्ष, नेपाल व्यावसायी संघ | ✓ | ९८५५०७८१०१ |
| १५. | | | | |
| १६. | | | | |
| १७. | | | | |
| १८. | | | | |

बैठक संख्याः १२
मितिः २०८०।०७।१४

## छलफल तथा निर्णय

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठक समितिका माननीय सभापति डा. आरजु राणाको सभापतित्वमा बस्यो। बैठकले देहाय बमोजिमको निर्णय गऱ्योः-

१. माछा उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन माछा पालन गर्ने किसानहरुका लागि आवश्यक पर्ने उन्नत प्रबिधि, विद्युत महसुल सुबिधा, माछाको लागि आवश्यक पर्ने दाना उत्पादनको कच्चा पदार्थको आयातमा कर छुट, सुबिधा तथा सहुलियत उपलब्ध गराउन तथा जनस्वास्थ्यमा गम्भीर असर पर्नेगरी भण्डारण तथा विषादी प्रयोग गरिएका माछाको बिक्रीवितरणमा प्रतिबन्ध लगाउन र माछा आयातमा क्रमिक रुपमा निरुत्साहित गर्ने नीति लिन कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

२. कृषि तथा पशुपंक्षी क्षेत्रको एकिकृत विकास गर्न देशको कृषि क्षेत्रमा रहेका सम्भावनाका क्षेत्रहरु जस्तैः माछापालन, मौरीपालन, कुखुरापालन, बाख्रापालन, गाईपालन, भैंसीपालन तथा धान गहुँ, मकै, कोदो जस्ता खद्यान्न वाली तथा फलफूल उत्पादनका तथा बिक्री वितरणका क्षेत्रहरुमा गर्नुपर्ने आवश्यक सुधार र त्यसको लागि आवश्यक पर्ने उन्नत प्रविधि, स्रोतसाधन, संस्थागत संरचना,त्यसमा रहेका जनशक्तिहरुको पहिचान तथा प्रवर्द्धनका लागि तत्काल तथा दिर्घकालीनरुपमा गर्नुपर्ने आवश्यक सुधार लगायतका सम्पूर्ण विषयहरु सहितको एकीकृत कार्ययोजना बनाई लागू गर्न नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयालाई निर्देशन दिने र उक्त कार्ययोजना यस समितिमा समेत उपलब्ध गराउने ।

३. पशुपालन,माछापालन, कुखुरापालन र मौरीपालन सम्बन्धी व्यवसायलाई औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ९को सेवामूलक उद्योगमा राखिंदा कृषि क्षेत्रबाट प्राप्त हुने सेवा सुबिधाबाट बञ्चित हुनुपर्ने अवस्था रहेकोले उल्लेखित व्यवसायलाई अनुसूची ४ को कृषि तथा वन पैदावारमा आधारित उद्योग अन्तर्गत समावेश गर्न कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई निर्देशन दिने ।

४. दुध तथा उखु उत्पादन गर्ने किसानहरुको भुक्तानी समयमा हुन नसकेर किसानहरु मार्कामा परेको सन्दर्भमा दुग्ध उत्पादक किसानहरुको भुक्तानी समयमानै हुने व्यवस्था मिलाउन र उखु किसानको

भुक्तानी चिनी उद्योगीहरुबाट समयमै नहुँदा उखु किसानहरु अत्यन्तै मार्कामा परेकोकोले उखु किसानहरुले उत्पादन गरेको उखुको मूल्य समयमानै उपलब्ध गरे नगरेको सम्बन्धमा आवश्यक अनुगमन गरी भुक्तानीको प्रबन्ध मिलाउन र उखु किसानहरुलाई राज्यबाट उपलब्ध गराइने अनुदान सम्बन्धित किसानहरुको खातामा सिधै भुक्तानी हुने व्यवस्था मिलाउन कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

५. उखु खेती गर्ने किसानहरुको लागि चाहिने आवश्यक कृषि यन्त्र, मल, उन्नत बिउ,सिंचाई जस्ता कुराको अभावले गर्दा उखु उत्पादन गर्ने किसानहरु निरुत्साहित भै स्वदेशमा पर्याप्त र गुणस्तरीय उखु उत्पादन हुन नसक्दा चिनी उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकी ठूलो मात्रामा चिनी आयात गर्नुपरेको देखिन्छ ।जसले गर्दा समय समयमा चिनीको मूल्य आकासिने तथा अभाव हुने गरेको पाइन्छ यस किसिमको अवस्थाको सम्बोधन गर्न राज्यबाट कर तथा भन्सार छुटमा चिनी आयात गर्दा स्वदेशी चिनी उत्पादक उद्योगीगहरुले आयातित चिनीसंग प्रतिस्पर्धामा आफ्नो उत्पादन बजारमा बिक्री बितरण गर्न नसक्दा उद्योगीहरु समेत धारासायी हुने गरेकोले उक्त अवस्थाको सम्बोधन गर्न राज्यबाट उपयुक्त सन्तुलनको नीति लिन नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने।

६. किसानबाट उत्पादित वस्तुहरुः माछा, दुध, तरकारी, फलफूल,अन्नबाली लगायतका वस्तुहरु बजारमा बिक्री बितरण गर्दा बिचौलियाहरुबाट शोषण हुने तथा ठगिने गरेकोले यसरी किसानहरु ठगिन नदिने सम्बन्धमा आवश्यक पहल तथा अनुगमन गरी नियन्त्रण गर्न कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई निर्देशन दिने ।

७. यहि 2023 November 30 देखि December 12 सम्म Dubai मा आयोजना हुने UNFCCC COP28 सम्मेलनमा भाग लिन समितिबाट आवश्यक संख्यामा माननीय तथा कर्मचारीहरुको सहभागी गराउने र यसको लागि आवश्यक पर्ने स्रोत व्यवस्थापन लगायतको सम्पूर्ण प्रकृया मिलाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन गर्ने।